नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र

बितरणः साधारण
नोभेम्बर २५, २०१४
मूल प्रतिः अँग्रेजी

**मानव अधिकार समिति**

उजुरी नंः २०३१/२०११

**समितिको ११२ औं सत्र अक्टोबर ७—३१, २०१४ मा ग्रहण गरिएको अभिमत**

| | |
|---|---|
| पेश गर्नेः | राम कुमार भण्डारी (ट्र्याक इम्प्युनिटि अल्वेज-ट्रायल (TRIAL) द्वारा प्रतिनिधित्व गरिएको) |
| पीडित भनी दावी गरिएकोः | उजुरीकर्ता र तेज बहादुर भण्डारी (निजको बाबु) |
| पक्ष राष्ट्रः | नेपाल |
| उजुरी मितिः | डिसेम्बर १४, २०१० (शुरूमा पेश गरिएको) |
| सन्दर्भ सामग्रीहरूः | फेब्रुअरी १७, २०११ मा पक्ष राष्ट्रलाई पठाइएको विशेष प्रतिवेदकको नियम ९७ अन्तर्गतको निर्णय (कागजातको रुपमा जारी नभएको) |
| अभिमत ग्रहण गरिएको मितिः | अक्टोबर २९, २०१४ |
| विषयवस्तुः | बलपूर्वक बेपत्ता पार्ने कार्य |

| | |
|---|---|
| सारभूत विषयः | बाँच्न पाउने अधिकार; यातना तथा क्रुर र अमानवीय व्यवहारको प्रतिबन्ध, व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकार, मानव जीवनको अन्तरनिहित मर्यादाको सम्मान, कानूनको अगाडि व्यक्तिको रुपमा पहिचान, र प्रभावकारी कानूनी उपचारको अधिकार। |
| कार्यविधिगत विषयः | घरेलु उपचारको उपभोग गरिएको |
| प्रतिज्ञापत्रको धाराहरूः | धारा २ को प्रकरण ३ एवम् धारा ६; ७; ९; १० र १६ |
| स्वेच्छिक प्रोटोकलका धाराहरूः | धारा ५ को प्रकरण २(ख) |

(अनुसूची)

**नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण ४ अन्तर्गत देहायको उजुरीका सम्बन्धमा मानव अधिकार समितिले ग्रहण गरेको अभिमत (Views)** (११२ औं सत्र)

उजुरी नं: २०३१/२०११*

पेश गर्ने: राम कुमार भण्डारी (ट्र्याक इम्प्यूनिटि अल्वेज-ट्रआयल (TRIAL) द्वारा प्रतिनिधित्व गरिएको)

पीडित: उजुरीकर्ता र तेज बहादुर भण्डारी (निजको बाबु)

पक्ष राष्ट्र: नेपाल

उजुरी मिति: डिसेम्बर १४, २०१० (शुरूमा पेश गरिएको)

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २८ अन्तर्गत स्थापित मानव अधिकार समितिको अक्टोबर २९, २०१४ मा बसेको बैठकले,

समितिलाई उजुरीकर्ता र पक्ष राष्ट्रद्वारा उपलब्ध गराइएका सबै लिखित सूचनालाई दृष्टिगत गर्दै,

देहायको अभिमत ग्रहण गरेको छ:

---

* प्रस्तुत उजुरीको छानबीन प्रक्रियामा समितिका देहाय बमोजिमका सदस्यहरुको सहभागिता रहेको थियो: श्री यदवेन अचौर, श्री लाजहारी बुजिद, श्री क्रिष्टिन चनेट, श्री अहमद अमिन फतहल्ला, श्री कर्नेलिस फ्लिनटरमान, श्री युजी इवाशावा, श्री वाल्टर कलिंन, श्री जोन्के ज्यानेल मजोडिना, श्री गेराल्ड न्युम्यान, श्री नीगेल रोडले, भिक्टर म्यानुअल रोड्रिगेज-रेसिया, श्री फेवियन ओमार साल्भिओली, श्री अन्ज सिबर्ट-फोर, श्री धिरजलाल सितुलसिंह, श्री युवल शानी, श्री कोन्स्टान्टाइन भर्जलाश्भिलि, श्री मार्गो वाटरभल र श्री एन्ड्री प्वल ज्लास्कयु।

## स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण ४ अन्तर्गतको अभिमत

१. प्रस्तुत उजुरीका उजुरीकर्ता राम कुमार भण्डारी हुन्। उनको जन्म डिसेम्बर १३, १९७७ मा भएको हो। पक्ष राष्ट्रले आफ्नो बेपत्ता रहेका बाबु फेब्रुअरी २३, १९४६ मा जन्म भएका तेज बहादुर भण्डारीको प्रतिज्ञापत्रको धारा २ को प्रकरण ३ एवम् धारा ६;७;९;१० र १६ अन्तर्गतका अधिकारको हनन् गरेको दावी उजुरीकर्ताले गरेका छन्। साथै, पक्ष राष्ट्रले प्रतिज्ञापत्रको धारा २ को प्रकरण ३ एवम् धारा ७ अन्तर्गतका आफनो अधिकारको समेत हनन् गरेको दावी पनि उनले गरेका छन्। उजुरीकर्ताको प्रतिनिधित्व कानून व्यवसायीद्वारा गरिएको छ ।

## उजुरीकर्ताद्वारा प्रस्तुत तथ्य

२.१ देशमा बिद्दमान सशस्त्र द्वन्दको परिणाम स्वरूप सन् नोभेम्बर २००१ मा सङ्क्रमणकालको धोषणा गरियो। आतंककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश (२००१) ले प्रहरी लगायतका राज्यका निकायहरुले केवल आतङ्काकरी गतिविधिमा संलग्न रहेको भन्ने शङ्काको आधारमा व्यक्तिहरूलाई प्रकाउ गर्नसक्ने अधिकार प्रदान गर्नुका साथै संविधानद्वारा प्रदत्त बिभिन्न मानव अधिकार तथा मौलिक स्वतन्त्रता समेतमा रोक लगाएको थियो। यस्तो परिप्रेक्ष्यमा, प्रहरी र शाही नेपाली सेना लगायतका द्वन्दका सबै पक्षद्वारा क्रुरतापुर्ण धटनाहरू घटाइएका थिए र बलपूर्वक बेपत्ता पार्ने कार्य व्यापक रूपमा विध्यमान थियो।[1]

---

[1]उजुरीकर्ताले बलपूर्वक अथवा इच्छाबिरुद्धबेपत्ता पारीने कार्य सम्बन्धी कार्यदलको नेपाल भ्रमणको समयको प्रतिवेदन ( E/CN.4/2005/65/Add.1) को प्रकरण २५ र यातना तथा अमानवीय व्यवहार तथा सजाय सम्बन्धी बिशेष प्रतिवेदकको नेपाल भ्रमणको समयको प्रतिवेदन( E/CN.4/2006/6/Add.5) को प्रकरण १७लाई उदृत गरेका छन् ।

२.२ डिसेम्बर २७,२००१ मध्यान्नको समयमा लगभग ६० जना सेना र प्रहरीहरु उजुरीकर्ताको बुबाआमाको सिमपानी लमजुङ्गस्थित बाटोको छेउमा रहेको धरमा गए। निजहरुले उजुरीकर्ताकी आमालाई उनका छोराछोरी कहाँ छन् भनी सोधपुछ गरे र अवकासप्राप्त शिक्षक तथा सामाजिक कार्यमा तदारुकताका साथ लागेका उनका पति भोलिपल्ट लम्जुङ्गका प्रमुख जिल्ला अधिकारीलाई भेट्न नगएमा ज्यान मार्ने धम्की समेत दिए।

२.३ डिसेम्बर २७,२००१ का दिन उजुरीकर्ताका बाबु लम्जुङका प्रमुख जिल्ला अधिकारीको कार्यालयमा गए। त्यहाँ उजुरीकर्ताका बाबुलाई माओबादी भएको आरोप लगाइयो। उनले सो आरोप अस्वीकार गर्दै आँफू नेपाल कम्युनिस्ट पार्टिको कुनै पनि समितिको सदस्य नरहेको कुरा व्यक्त गरे। निज भण्डारीलाई अर्को सोमबार फेरी उपस्थित हुनुपर्ने शर्तमा त्यस दिन घर जाने अनुमति दिइयो।उनले उक्त घटना र आफ्नी पत्नीलाई दिइएको धम्कीको बिरूद्ध उजुरी गरे। प्रमुख जिल्ला अधिकारी तथा प्रहरी नायब उपरिक्षकले तल्लो तहका कर्मचारीले आफूलाई प्राप्त सूचनाको आधारमा माथिको कुनै आदेशबिना त्यस्तो कार्य गरेको र उनीहरुलाई त्यस्तो कार्य नदोहराउन आदेश दिईने जानकारी गराए।

२.४ डिसेम्बर ३१, २००१ मा भण्डारी प्रमुख जिल्ला अधिकारीको कार्यालयमा जानका लागि बस चढे।मनाङ्गे चौताराको बस बिसौनीमा पुग्दा बर्दीका प्रहरीहरू र सादा पोशाकमा रहेका सैनिकहरू निजलाई कुरेर बसिरहेका थिए। उनीहरूले भण्डारीलाई पक्राउ गरे र उक्त बस बिसौनी बालकृष्ण बराल सहरको बीचमा रहेकाले पक्राउ गरेको धेरै व्यक्तिहरुले देखेका थिए। प्रत्यक्षदर्शीका अनुसार उनलाई कुटपिट गरी बाँधेर र आँखामा पट्टी लगाएर प्रहरीको भ्यानभित्र धकेलिएको थियो।

२.५ त्यही दिन सेना र प्रहरीका १५ जना व्यक्तिहरू भण्डारीको घरमा पसी उनकी पत्नीलाई धम्की दिइ घरका सरसामानहरू तोडफोड गर्नुका साथै खानेकुराहरू फाल्ने जस्ता कार्य गरी रू १५,००० चोरी गरी लगे। यस्ता कार्यहरू दुइ हप्तासम्म लगातार रुपमा दोहोऱ्याइ राखे। डिसेम्बर ३१, २००१ को रातको समयमा लमजुङ्ग जिल्लाका सशस्त्र प्रहरीका पूर्व सदस्य समेत रहेका एक चिनजानमा रहेका सी.बि.बि भन्ने व्यक्तिले उजुरीकर्ताकी आमालाई निजका पति अनुसन्धानका लागि पक्राउ परेका र सो दिन धर नफर्किने कुराको जानकारी दिए।

२.६ जनवरी १, २००१ मा उजुरकर्ताकी आमाले आफ्ना भाइ र छिमेकीको साथमा गई लमजुङ्ग जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई आफ्नो पति कहाँ छन् भनी जानकारी मागिन्। प्रमुख जिल्ला अधिकारीले पक्राउ गरेको अस्वीकार गरे। सोही दिन उनी बेशीसहरमा प्रहरी समक्ष गइन्। उनको पतिलाई अनुसन्धानको लागि पक्राउ गरिएको र २-३ दिनमा छोडिदिने कुरा उनलाई जानकारी गराईयो।

२.७ आफ्ना बाबुको पक्राउको कुरा थाहा पाएपछि उजुरीकर्ता काठमाण्डौबाट उनलाई खोज्न आए। केहीदिनसम्म आफ्नी आमासंग मिलेर उनले बाबुको खोजी गरे र लमजुङ्गका प्रमुख जिल्ला अधिकारी, श्री एस.पी.एनलाई भेटे। प्रमुख जिल्ला अधिकारीले शुरुमा निज भण्डारीको बारेमा केही जानकारी नभएको कुरा ब्यक्त गरे तर पछि अनुसन्धानको लागि उनलाई पक्राउ गरिएको जानकारी दिए। दुई हप्तापछि उनीहरू फेरी प्रमुख जिल्ला अधिकारी समक्ष गए र उजुरकर्ताकी आमाले आफ्नो पतिलाई भेट्न दिन आग्रह गरिन्। निजले उनलाई धम्काउँदै प्रतिक्रिया दिए। उजुरीकर्ता र उनकी आमाले लमजुङ्ग का प्रहरी नायब उपरिक्षक, श्री पि.ए

लाई पनि भेटे, जसले आनुसन्धान प्रकृया जारी रहेको जानकारी गराउँदै उनीहरुलाई समेत प्रकाउ गर्ने धम्की दिए।

२.८ जनवरी १४ २००२मा बेशीसहरमा प्रमुख जिल्ला अधिकारी, प्रहरी नायब उपरिक्षक र प्रहरीका अन्य सदस्यहरुको उपस्थितिमा बहुपक्षीय बैठक गरियो, जसमा राजनीनिक दलका नेताहरूले पक्राउ परेका निज भण्डारीको शीघ्र रिहाको लागि अनुरोध गरे। प्रहरीले निज भणडारीलाई पक्राउ गरेको कुरा स्वीकार गर्दै उनकाई तुरुन्त रिहा गर्ने बताए। सो बैठकको एक हप्ता पछि सेनाका तल्लो तहका सैनिकहरुबाट निज भण्डारी बिभिन्न सैनिक ब्यारेकमा तथा सैनिक अस्पतालमा रहेको भनी उजुरीकर्ता र उनकी आमाले निज भण्डारीको अवस्था बारे बिभिन्न किसिमका बिरोधाभाषपूर्ण जानकारी प्राप्त गरे। उजुरीकर्ताले अस्पतालमा सोधपुछ गर्दा उनका बाबुलाई एक पटक पनि अस्पताल नल्याइएको कुरा जानकारी गराए।

२.९ जनवरी ३१ २००२ मा आफ्ना बाबु बेपत्ता भएको भनी उजुरीकर्ताले राष्ट्रिय मानव अधिकार आयोगलाई जानकारी गराए। फेब्रुअरी १, २००२ मा आयोगले लमजुङ्ग जिल्लाका प्रमुख जिल्ला अधिकारी र प्रहरी नायब उपरिक्षकलाई निज भण्डारीको अवस्थाबारे जानकारी माग गर्दै पत्र लेख्यो। फेब्रुअरी १५, २००२ मा लमजुङ्ग जिल्लाका प्रमुख जिल्ला अधिकारीले पत्रको जवाफ दिँदै निज भण्डारीले सिमपानी जंगलमा रहेको गोलावारुद देखाउनको लागि लगेको अवस्थामा भाग्न खोजेको र दोहोरो गोली हानाहान हुँदा निजको मृत्यु भएको जानकारी दिए।

२.१० मार्च ४, २००२ मा उजुरीकर्ताले नेपालको सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट दायर गरे। यसको फलस्वरूप उनलाई सैनिक अधिकारीहरुबाट आफ्ना बाबुलाई खोज्ने प्रयास रोक्नु भनी धम्की आउन थाल्यो।

२.११ मार्च ६, २००२ मा एक सैनिक अधिकारीले राष्ट्रिय मानव अधिकार आयोगलाई पत्र मार्फत निज भण्डारी हिंसात्मक गतिविधिमा संलग्न माओवादी संगठनका सक्रिय सदस्य रहेको अभियोगमा पक्राउ परेका कुरा जानकारी गराए। साथै सिमपानी जंगलमा निज भण्डारीको मृत्यु भएको परिस्थितिको समेत विस्तार गर्दै सुरक्षाको दृष्टिकोण, भौगोलिक हिसाबले टाढा रहेको साथै यातायातको समस्याको कारण सैनिक कारवाहीको लागि गएको सुरक्षा बलले उनको शवकाई त्यही छोड्नु परेको कुरा समेत जानकारी गराए।

२.१२ मार्च ११, २००२ मा उजुरकर्तालाई साधा पोशाकमा रहेको केही सैनिक जवानहरुले पक्राउ गरे र सैनिक ब्यारेकमा थुनामा राखे। उनलाई प्रश्नहरू सोधी, कुटपिट गरी अदालतमा दायर गरेको बन्दीप्रत्यक्षीकरणको रिट फिर्ता नलिएमा ज्यान मार्ने धम्की दिए। अप्रिल ५ २००२ मा सर्वोच्च अदालतले निजका बाबु जीवित नरहेको कुरा पत्ता लागेपछि त्यस्तो अवस्थामा माग गरे बमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नसकिने भन्दै रिट खारेज गऱ्यो। सर्वोच्च अदालतको निर्णयमा लमजुङ्ग जिल्लाका प्रमुख जिल्ला अधिकारी र प्रहरी नायब उपरीक्षकले जनवरी १ २००२ मा सिमपानी जंगलमा माओवादीले लुकाएको हातहतियार खोज्ने कारवाहीको सिलसिलामा भाग्ने प्रयास गर्दा दोहोरो भिडन्तमा निज भण्डारीको मृत्यु भएको जानकारी दिएको भनी उल्लेख गरिएको छ।

२.१३ उजुरीकर्ताले सुरक्षाको कारणले गर्दा केही समय आफू भारत गएर बस्नु परेको र सन् २००६ मा लमजुङ्ग  फर्केको दावी गरेका छन्। त्यस समयमा आफ्ना बाबुलाई थुनामा रहेको अवस्थामा देखेका र सुनेका भन्ने व्यहोराको अन्य बन्दीहरूको बयान संकलन गर्न उनी सफल भए। जिल्ला प्रहरी कार्यालयमा ३१ डिसेम्बर २००१ मा थुनामा रहेका श्री आर.पी.यस.ले उक्त राती उजुरीकर्ताका बाबुलाई डेढ घण्टासम्म कुटपिट गरेको आफैले देखेको, सुनेको र उजुरीकर्ताको बाबु कराएको सुनेको र केही समयपछि एक प्रहरी अधिकृतले "गएछ क्यारे" भनको सुनेको र त्यसपछि कोठाको बत्ती निभेको कुरा बताए। त्यसपछि उनलाई केही थाहा नभएको बताए। अर्का बन्दी श्री डि.यस.जी. ले निज भण्डारी कराएको सुनेको र निजलाई कुटपिट गरी मारीएको अनुमान आँफुले गरेको भनी पहिलो कैदीको भनाइ समर्थन हुने कुरा व्यक्त गरे।

२.१४ अप्रिल २७, २००७ मा उजुरीकर्ताले प्रमुख जिल्ला अधिकारी र प्रहरी नायब उपरीक्षकलाई आफ्नो बाबुलाई बलपूर्वक बेपत्ता पारिएको सम्बन्धमा जानकारी माग गर्दै पत्र लेखे। केही जबाफ नपाएपछि उनले जुन १४ २००७ मा प्रहरी समक्ष जाहेरी दरखास्त पेश गर्ने प्रयास गरे।तर प्रहरीले कुनै औपचारिक लिखतबाट नभै केवल मौखिक रुपमा उक्त जाहेरी दरखास्त दर्ता गर्न अस्वीकार गर्यो। प्रहरीले आफ्ना सहकर्मीलाई प्रकाउ गर्न नसक्ने, दावी लिईएको घटनाको कुनै अभिलेख नरहेको, सो घटना एक राजनीनिक विषय रहेको र आफूहरू त्यसमा संलग्न हुन नसक्ने कुरा व्यक्त गरे।  जुन १५, २००७ मा उजुरीकर्ताले हुलाक मार्फत प्रहरी कार्यालयमा जाहेरी दरखास्त पठाए। एक हप्तापछि माथिल्लो तहका प्रहरी अधिकृतले उनलाई प्रहरीले त्यस्तो मुद्दा स्वीकार नगर्ने र त्यस्तो खालको मुद्दा राष्ट्रिय मानव अधिकार आयोगले बिचार गर्नसक्ने भनी जवाफ पठाए। जुन २२, २००७ मा

उजुरीकर्ताले प्रमुख जिल्ला अधिकारीलाई आफ्नो जाहेरी दरखास्त दर्ता गराइदिन अनुरोध गर्दै पत्र लेखे तर प्रमुख जिल्ला अधिकारीले त्यसलाई दर्ता गराईदिन अस्वीकार गरे।

२.१५ अक्टोबर ३०,२००७ मा संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्च आयुक्तको कार्यालय तथा कानूनविद्हरुको अन्तर्राष्ट्रिय आयोग (International Commission of Jurists) का प्रतिनिधिहरूले लमजुङ्ग जिल्ला प्रहरी कार्यालयको भ्रमण गरी प्रतिवेदनको अवस्थाबारे सोधपुछ गरे। उक्त प्रतिवेदन माथिल्लो तहका अधिकृतको आदेशमा अभिलेखमा नराखिएको जानकारी उनीहरुलाई दिइयो।प्रहरी नायब उपरीक्षकले समेत सो कुरा पुष्टि गरे। नोभेम्बर २३, २००७ मा कानूनविद्हरुको अन्तर्राष्ट्रिय आयोग ले प्रहरी महानिरीक्षकलाई पत्र लेखी जाहेरी दरखास्त दर्ता गर्न अस्वीकार गरेको सम्बन्धमा जानकारी मागेको थियो।त्यसको कुनै जवाफ आएन।

२.१६ मे १२, २००८ मा उजुरीकर्ताले जाहेरी दरखास्त दर्ता गराउनका लागि सर्वोच्च अदालत समक्ष परमादेशको रिट दायर गरे। जुन २४, २००८ मा प्रमुख जिल्ला अधिकारी र प्रहरी नायब उपरीक्षकले सर्वोच्च अदालतलाई सुरक्षा बलले सिमपानी गाउँ बिकास समितिमा गस्ती गरिरहेको बेला उजुरीकर्ताका बाबु प्रहरीको धेरा तोडेर भाग्न खोजेको र सोही समयमा आतङ्ककारीहरुले गोली हानेको, सोको प्रतिकारस्वरुप सुरक्षाबलले गोली प्रहार गरेको र सोही गोली हानाहानमा निज भण्डारीको मृत्यु भएको भन्ने जानकारी दिए।उक्त घटना रातको समयमा घटेको कारणले गर्दा निजको मृत्यु आतङ्ककारीहरुले हानेको गोलीबाट भएको हो वा सुरक्षा प्रहरीको गोलीबाट भएको हो भन्ने स्पष्ट हुन नसकेको पनि बताए। साथै, प्रहरी नायब उपरीक्षकले उजुरीकर्ताको बाबुको मृत्यु कसको गोलीका कारण भएको भन्ने तथ्य पत्ता नलागेको अवस्थामा उक्त रिट निवेदन दायर गर्न नमिल्ने कुरा समेत व्यक्त गरे। प्रस्तुत

उजुरी पेश गर्दाको समयसम्म उक्त परमादेशको रिटको सुनवाई ५ पटक सम्म सारी सकिएको छ र तीन वर्षदेखि सो मुद्दा विचराधिन नै छ।

२.१७ जुन २००९ मा उजुरीकर्ताले बलपूर्वक बेपत्ता पारिएका परिवारका सदस्यलाई प्रदान गरिने अन्तरिम राहतको रूपमा रू १००,००० प्राप्त गरे। उजुरीकर्ताले प्रमुख जिल्ला अधिकारी र प्रहरी नायब उपरिक्षकलाई आफ्ना बाबुका व्यक्तिगत सामान फिर्ता गर्न अनुरोध गरे। तर शान्ति प्रकृया पश्चात नियुक्त भएका नयाँ प्रहरी अधिकारीहरुले निजको बाबुको बारेमा केही जानकारी नभएको कारणले उनको सामान फिर्ता गर्न नसक्ने जानकारी दिए। आफ्ना बाबु बेपत्ता भएको कारणले गर्दा आफूलाई निकै ठूलो पिडा भएको र बिभिन्न निकायहरुले आफूलाई दुर्व्यवहार गरेको उजुरीकर्ताले व्यक्त गरे। नेपाली समाजमा पति बेगर बाँच्न कठीन हुने कारणले गर्दा आफ्नी आमाले सामाजिक लान्छाना खप्नु परेको समेत उनले बताए। आफ्ना बाबु परिवारको आम्दानीको मुख्य स्रोत भएकोले निज बेपत्ता भएको कारणले परिवारलाई आर्थिक हानी नोक्सानी पुग्न गएको कुरा समेत उजुरीकर्ताले व्यक्त गरे।

२.१८ राष्ट्रिय मानव अधिकार आयोगलाई प्रभाबकारी उपचारको रुपमा लिन मिल्दैन भनी उजुरीकर्ता दावी गर्दछन्।जाहेरी दरखास्तको सम्बन्धमा, सरकारबादी मुद्दा सम्बन्धी ऐनको अनुसूची-१ मा रहेका अपराधको सम्बन्धमा मात्र सिमित रहेको र यातना तथा बलपूर्वक बेपत्ता पार्ने कार्य सो अनुसूचीभित्र नपरेको कुरा उजुरीकर्ताले उल्लेख गरेका छन्। सन् २००७ मा सर्वोच्च अदालतले बलपूर्वक बेपत्ता पार्ने कार्यलाई आपराधको रुपमा परिभाषित गर्नको लागि आदेश दिएको थियो। तर सो सम्बन्धमा कुनै कार्य भएको छैन। बलपूर्वक बेपत्ता पार्ने कार्यसंग सम्बन्धित मुद्दामा सम्बन्धित निकायले शरिरको अभाबमा मानिसको मृत्यु भएको पुष्टि गर्न सकिँदैन भनी जिकिर लिने कारणले गर्दा यस्तो किसिमको कार्यको बिरुद्ध

जाहेरी दरखास्त दिन पाउनुलाई प्रभावकारी उपचारको रुपमा मान्न मिल्दैन। घरेलु उपचारको प्रकृया बेमुनासिव रूपमा लम्बाईएको र अन्य घरेलु उपचार उपलब्ध नरहेको भनी उजुरीकर्ताले निवेदन गरेका छन्।[2]

## उजुरी

३.१ आफ्ना बाबु बलपूर्वक बेपत्ता पार्ने कार्य तथा प्रतिज्ञापत्रको धारा २ को प्रकरण ३ एवम् धारा ६; ७; ९; १० र १६अन्तर्गतका अधिकारको हनन्बाट पिडित भएको भनी उजुरीकर्ताले तर्क गरेका छन्।

३.२ प्रहरी र सादा पोशाकमा रहेका सेनाका सदस्यहरूद्वारा थुप्रै प्रत्यक्षदर्शीको रोहवरमा उजुरीकर्ताका बाबुको स्वतन्त्रता स्वेच्छाचारी तरिकाले अपहरण गरियो।निज अन्तिम पटक राज्यका पदाधिकारीहरुको हातमा ज्यानलाई खतरा हुने अवस्थामा देखा परेका र उनको स्वतन्त्रताको हनन् भएको कुरा उनकी पत्नीले तत्काल दावी गरेको अवस्थामा समेत सम्बन्धित अधिकारीहरुले पहिले निजको बारेमा केही जानकारी नभएको दावी गरेको र पछि गोली हानाहानमा सिमपानीमा निजको मृत्यु भएको भनी दावी गरेका छन्। उजुरीकर्ताका बाबुको स्वेच्छाचारी पक्राउ, अनुचित व्यबहार र तत्पश्चातको बलपूर्वक बेपत्ता परिएको घटना व्यापक र क्रमानुगत प्रकृयाको सन्दर्भमा घटाइएको थियो। कुनै मुद्दामा यातना वा जीवनको अपहरणको घटना भएको पुष्टि गर्न सम्भव नभएको अवस्थामा पनि स्वतन्त्रताबाट बञ्चित गरिएका व्यक्तिहरुलाई यातना दिने वा स्वेच्छाचारी रूपमा ज्यान लिने राज्यका निकायहरू वा राज्यको अख्तियारीमा वा समर्थन पाई कार्य गरिरहेका व्यक्तिहरूको

[2] उजुरीकर्ता उजुरी नं १४६९।२००६, शर्मा बिरुध नेपाल, अक्टोबर २८, २००८ मा समितिले ग्रहण गरेको अभिमत उगृत गर्दछन्।

नियन्त्रणमा राखिनु स्वयंनै बाँच्न पाउने अधिकार र व्यक्तिगत स्वतन्त्रताको अधिकारको हकको उल्लङ्घन रोकथाम गर्ने दायित्वको उल्लंघन हो भन्ने उजुरीकर्ताको तर्क छ।

३.३ डिसेम्बर ३१, २००१ मा उजुरीकर्ताका बाबु बेशीसहरको मनाङ्गे चौतारीको बस बिसौनीमा आइपुग्दा उनलाई प्रहरी र सेनाका सदस्यहरूले कुटपिट गरेको धेरै प्रत्यक्षदर्शीले देखेका थिए। सन् २००१ को डिसेम्बरको अन्त्यमा जिल्ला प्रहरी कार्यालयमा राखिएका व्यक्तिहरुले उजुरीकर्ताका बाबुलाई यातना दिई गम्भीर रूपमा दुर्व्यवहार गरिएको कुरा पुष्टि गरेका छन् । त्यस्तो कार्यले प्रतिज्ञापत्रको धारा ७ को उल्लंघन गर्दछ। निजलाई बलपुर्वक बेपत्ता पारिएको तथा बाहिरी संसारसंग सम्पर्क गर्न नदिई थुनामा राखिएको कारणबाट निजले भोग्नु परेको पीडाले समेत धारा ६ को उल्लंघन स्थापित गर्दछ। माओबादी भएको शंका लागेका व्यक्तिहरू बिरुद्ध क्रमानुगत रुपमा गम्भीर शारिरीक र मानसिक पीडाका घटनाहरू घटाइएको परिप्रेक्ष्यमा आफ्ना बाबुले भोग्नुपरेको मानव अधिकारको उल्लंघनको घटनालाई पक्ष राष्ट्रमा विध्यमान अन्य मानव अधिकारको उल्लंघनका घटनाको सन्दर्भमा[3] विचार गर्नुपर्छ भनी उजुरीकर्ताले भनेका छन्।

३.४ उनको स्वेच्छाचारी पक्राउ पछि उजुरीकर्ताका बाबुलाई कुनै कानूनी आधार नदेखाइकन जिल्ला प्रहरी कार्यालयमा लगेर थुनियो, जसबाट प्रतिज्ञापत्रको धारा ९ अन्तर्गतको उनको अधिकारको हनन् भयो। उनलाई थुनामा राखिएको कुरा कुनै अभिलेखमा उल्लेख गरिएको थिएन र उनलाई पक्राउ पश्चात उनका घरपरिवारले देखेका पनि थिएनन्। उनलाई न्यायाधीश वा न्याय सम्पादन गर्न कानून अनुसार अख्तियारी भएको कुनै निकाय समक्ष पेश

[3]उजुरीकर्ताले E/CN.4/2006/6/Add.5 को प्रकरण ३ र २६ साथै यातना सम्बन्धी समितिको concluding observation, CAT/C/NPL/CO/2 को प्रकरण १३ र २४ लाई उदृत गरेका छन्।

गरिएन। नत उनले आफ्नो थुना कानून विपरित भयो भनी कुनै निकायमा उजुर गर्न नै पाए। कुनै पनि व्यक्तिको स्वीकार नगरिएको अज्ञात हिरासतले प्रतिज्ञापत्रको धारा ९ को उल्लङ्घन गर्दछ।

३.५ उजुरीकर्ताका बाबुले बाहिरी संसारसंग सम्पर्क गर्ने अवसर पाएनन् र मथि उल्लिखित प्रत्यक्षदर्शीका अनुसार उनीमाथि यातनापूर्ण व्यवहार गरियो। साथै द्वन्दकालीन समयमा पुर्पक्ष पूर्व थुनामा राखिएका व्यक्तिमाथि अमानवीय र अपमानजनक व्यवहार गरिएको भन्ने तथ्य बिदितै छ[4] । तसर्थ उनलाई बलपूर्वक बेपत्ता पारिएको तथा उनीमाथि भएका अन्य व्यवहारले स्वयंमा प्रतिज्ञापत्रको धारा १० को उल्लंघन गरेको छ।

३.६ उजुरीकर्ताका बाबुलाई बलपूर्वक बेपत्ता पारिएको र राज्यका अधिकारीहरुले उनको अवस्थाबारे प्रभावकारी अनुसन्धान गर्न नसकेको कारणले गर्दा उनी डिसेम्बर ३१, २००१ देखि कानूनको सुरक्षाभन्दा बाहिर रहनुपरेको र आफ्नो मानव अधिकारको उपभोग गर्न नपाउने अवस्थामा रहनुपर्‍यो। त्यसकारण पक्ष राष्ट्र प्रतिज्ञापत्रको धारा २ को प्रकरण ३ र धारा १६ को निरन्तर उल्लङ्घनको लागि जिम्मेबार छ।

३.७ उजुरीकर्ताले आफ्ना बाबुको स्वेच्छाचारी रूपले भएको स्वतन्त्रताको हनन्, दुर्व्यवहार तथा बलपूर्वक बेपत्ता पारिएको घटनाको वारेमा धेरै उजुरीहरू गरे तापनि सो विषयमा कुनै औपचारिक, शीध्र, निश्पक्ष र स्वतन्त्र किसिमको अनुसन्धान गरिएन र उजुरीकर्ताका बाबुको अवस्थाको बारेमा केही थाहा भएन। उनको मृत शरिरका अस्तुहरू पत्ता लगाई उत्खनन् गरी परिवारको जिम्मा पनि लगाईएन। साथै, हालसम्म पनि स्वेच्छाचारी तरिकाले

[4]CAT/C/NPL/CO/2 को प्रकरण २८ र ३।

स्वतन्त्रताको हनन् गरेको, दुर्व्यवहार गरेको वा बलपूर्वक बेपत्ता पार्ने कार्यमा संलग्न भएको भनी कुनै व्यक्ति बिरुद्ध कानूनी कारवाही प्रारम्भ गरिएको छैन।यसकारण पक्ष राष्ट्रले प्रतिज्ञापत्रको धारा २ को प्रकरण ३ र धारा ६,७,९,१० अन्तर्गतका उजुरीकर्ताका बाबुको अधिकारको हनन् गरेको र हालसम्म निरन्तर रुपमा गर्दै आएको छ। आफ्नो र आफ्नी आमाका सबै प्रयासहरू कानूनी संरचनामा भएका कमीकमजोरीका कारण निरर्थक हुँदै आएको भनी उजुरीकर्ताले दावी गरेका छन्। उदाहरणको लागि न्यायिक प्रकृयामा राज्यका अधिकारीहरूलाई साक्षीको रूपमा प्रस्तुत गर्ने परिपाटी छैन र उनीहरुलाई साँचो कुरा बोल्नका लागि बाध्य पार्ने कुनै कानूनी व्यवस्था छैन।[5] साथै बलपूर्वक बेपत्ता पार्ने कार्य र यातनालाई छुटै अपराधको रूपमा नमानिएको कारणले गर्दा त्यस्ता कार्यमा संलग्न व्यक्तिहरु बिरुद्ध उजुरी गर्न र उनीहरुलाई दोषी धोषणा गर्न अफ्ट्यारो परेको छ।

३.८ आफ्नो बाबुको स्वेच्छाचारी किसिमले स्वतन्त्रताको अपहरण भएको, आफ्नो बाबुलाई दुर्व्यवहार गरिएको र बलपूर्वक बेपत्ता पारिएको कारणका साथै सो बिषयमा बिगत ९ वर्षदेखिको राज्यका अधिकारीहरुको कार्य तथा अकार्यहरूका कारणले आफूले सन् २००१ देखि निकै पिडा सहनु परेको कुरा उजुरीकर्ताले व्यक्त गरेका छन्।बाबुलाई बलपूर्वक बेपत्ता पारिएको कार्यमा प्रभावकारी अनुसन्धान नभएको कारणले उनलाई पिडादायक अनिश्चितताको आभाष भएको छ जसका कारण उनको जीवनमा ठूलो असर परेको छ। न्याय खोज्ने प्रकृयामा उजुरीकर्ता र उनका परिवारले निरन्तर रुपमा त्रास र दुर्व्यवहार सहनु परेको छ। पक्ष राष्ट्रले यस किसिमका घटनाहरूलाई प्रभावकारी रुपमा रोक्न तथा घटना घटिसकेपछि ती घटनाको बारेमा अनुसन्धान गर्न सकेनन् । उजुरीकर्ताका बाबुको मृत्यु भएको स्थान राज्यका अधिकारीहरुलाई थाहा भए तापनि उनीहरूले मृतकका अबशेषहरू उनको

[5]हेर्नुहोस् E/CN.4/2005/65/Add.1 को प्रकरण ४०-४२।

परीवारलाई जिम्मा दिनका लागि कुनै ठोस कदम चालेनन्, जसका कारण उजुरीकर्ता आफ्ना बाबुको अन्तिम दाहसंस्कार गर्न नपाएको कारण हालसम्म पीडामा छन्। साथै, आफू तथा आफ्ना परिवारले व्यहोर्नु परेको भौतिक तथा नैतिक हानीको लागि उपयुक्त क्षतिपूर्ति वा कुनै पुनर्स्थापनाका उपाय समेत उजुरीकर्ताले प्राप्त गरेका छैनन्। यस्तो कार्यले प्रतिज्ञापत्रको धारा २ को प्रकरण ३ साथै धारा ७ ले प्रदान गरेको आफ्नो अधिकारको हनन् भएको भन्ने उजुरकर्ताको दावी छ।

३.९ उजुरीकर्ताले पक्ष राष्ट्रलाई निम्न सुझावहरू दिन समिति समक्ष निवेदन गरका छन् ;

(क) उनको बाबुको उवस्थाबारे यथाशिघ्र स्वतन्त्र अनुसन्धान शुरू गर्ने र उनको मृत्यु भएको निश्चित भएमा उनका अवशेषहरु भएको स्थान पत्ता लगाएर ती अवशेषहरू उत्खनन् गरी परिवारको जिम्मा लगाइ दिने ;

(ख) दोषिहरू बिरूद्ध सक्षम नागरिक पदाधिकारीहरु समक्ष जाहेरी दर्ता गरी कारबाही र निर्णय गर्ने र यस्तो प्रकृयाको नतिजा सार्वजनिक गर्ने;

(ग) उजुरीकर्ताले शीध्र निष्पक्ष र उचित क्षतिपूर्ति प्राप्त गरेको सुनिश्चित गर्ने;

(घ) आफुले प्राप्त गर्ने क्षतिपूर्तिले भौतिक/वस्तुगत तथा नैतिक क्षतिलाई तथा प्रत्यास्थापना, पुनर्स्थापना र सन्तुष्टि र त्यस्तो कार्य फेरी नदोहोरिने प्रत्याभूतिलाई समेत समेटेको सुनिश्चित गर्ने।

खासगरी, राज्यले आफ्नो अन्तर्रराष्ट्रिय दायित्वलाई स्वीकार गर्दै सार्वजनिक समारोहमा आफू तथा राज्यका पदाधिकारीको उपस्थितिमा क्षमायाचना गर्ने र द्वन्दकालीन समयमा लमजुङ्ग जिल्लाका बलपूर्वक बेपत्ता पारिएका पीडितहरुको नाममा कुनै सडकको नामाकरण गर्ने वा कुनै मन्दिर वा स्मारिका बनाउनको लागि उनले माग गरेका छन् । पक्ष राष्ट्रले उजुरीकर्तालाई आफ्ना बिशेष निकाय मार्फत् निःशुल्क चिकित्सकीय र मनोबैज्ञानिक उपचार

प्रदान गर्ने साथै उनले प्रभावकारी र उपयुक्त उपचार पाउन भन्ने हेतुले आवश्यक परेको अवस्थामा निशुल्क कानूनी सेवा उपलब्ध गराउनुपर्ने माग गरेका छन्। यस्ता घटना पुनः नदोहोरिउन् भन्ने कुरा प्रत्याभुति गर्नका लागि पक्ष राष्ट्रले यातना दिने र बलपूर्वक बेपत्ता पार्ने कार्य र यस्ता कार्यमा बिभिन्न रुपमा रहने संलग्नतालाई फौजदारी कानून अन्तर्गत आपराधको रुपमा परिभाषित गरी यस्ता कार्यमा संलग्न व्यक्तिलाई संलग्नताको गाम्भिर्यताको अनुपातमा सजाय निर्धारण गर्नका लागि आवश्यक कदमहरू चाल्नुपर्ने उजुरीकर्ताको माग छ। साथै पक्ष राष्ट्रले सेना, सुरक्षा बल र न्यायपालिकाका सबै सदस्यहरूलाई अन्तर्राष्ट्रिय मानव अधिकार सम्वन्धी कानून र अन्तर्राष्ट्रिय मानवीय कानूनको सम्बन्धी जानकारी गराउन शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने उजुरीकर्ताको माग छ।

**उजुरीको ग्राह्यता (Admissibility) र मुख्य कानूनी प्रश्न (Merits) का सम्बन्धमा पक्ष राष्ट्रको धारणा**

४.१ मे ४, २०११ को पत्र मार्फत पक्ष राष्ट्रले घरेलु उपचारको पूर्ण उपभोग नभएको आधारमा उजुरीको ग्राह्यता माथि चुनौती दिँदै उजुरी ग्राह्य नभएको दावी गरेको छ।

४.२ मुद्दाको तथ्यका सम्बन्धमा, उजुरीकर्ताका बाबु विध्वंशकारी गतिविधिमा संलग्न रहेको पक्ष राष्ट्रको दावि छ।डिसेम्बर ३१, २००१ मा निजलाई सिमपानी गाँउको सिमानास्थित जंगलमा हातहतियारहरू लुकाइएको ठाँउमा सुरक्षा बलले लगेका थिए। सुरक्षाघेरा तोडेर उनी भाग्न खोज्दा सुरक्षाबलले हस्तक्षेप गर्नुपर्‍यो, जसका कारण संयोगवस उनको मृत्यु हुन गएको थियो।

४.३ सरकारवादी मुद्दा सम्बन्धी ऐन, २०४९ (१९९२) का अनुसार प्रहरीले अनुसन्धान गरेको र सोको प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालय लमजुङ्गमा पेश गरिएको थियो। उनको

संयोगवस भएको मृत्युको विषयमा दर्ता भएको जाहेरी दरखास्तको परिणामस्वरुप सो विषयमा अनुसन्धान गरिएको थियो र मृतकको अवशेषको समेत परीक्षण गरिएको थयो। यसकारण प्रस्तुत विषय बलपूर्वक बेपत्ता पार्ने कार्य विरुद्दको मुद्दा हुने आधार छैन।

४.४ सर्वोच्च अदालतले आफुले दर्ता गरेको परमादेशको रिटमा पटकपटक म्याद सार्ने कार्य गरेको भन्ने उजुरीकर्ताको दावीका सम्बन्धमा, सर्वोच्च अदालतको कारवाही सर्वोच्च अदालत नियमावली, २०४९ अनुसारनै रहेको छ। उजुरीकर्ताको जाहेरी दरखास्त दर्ता गरी पाँउ भन्ने विषयको निवेदन मे १२,२००८ मा दर्ता भएको थियो। त्यसको अर्को दिन सर्वोच्च अदालतले त्यस विषयमा सुनुवाई गरी बिपक्षीहरू, प्रमुख जिल्ला अधिकारी र प्रहरी नायब उपरीक्षकलाई कारण देखाउ आदेश जारी गरेको थियो। अदालतले आदेश गरे बमोजिम बिपक्षीहरूले म्यादभित्रै लिखित जवाफ पेश गरेका थए। पक्ष राष्ट्रले यस समितिलाई आफ्नो धारणा पेश गरेको समयमा उक्त निवेदनको सुनुवाई अन्तिम चरणमा पुगिसकेको थियो। उजुरीकर्ताको मुद्दा अन्तिम निर्णय हुने अवस्थामा थियो र अर्को सुनुवाईमा अन्तिम निर्णय हुने अपेक्षा राखिएको छ। यस तथ्यले प्रभावकारी र पर्याप्त घरेलु उपचारको माध्यम बाँकिनै रहेको देखाउँछ। अतः उजुरीकर्ताले स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण २(ख) अन्तर्गतको घरेलु उपचारको पूर्ण उपभोग गरिसकेको भनी निचोड निकाल्न सकिँदैन।

५.१ सेप्टेम्बर १३, २०११ को पत्र मार्फत् पक्ष राष्ट्रले उजुरीकर्ताले घरेलु उपचारको पूर्ण उपभोग नगरेको कुरा दोहोऱ्याउँदै उजुरीको मुख्य कानूनी प्रश्नमा आफ्नो धारणा प्रस्तुत गऱ्यो।

५.२ उजुरीको मुख्य कानूनी प्रश्नको सम्बन्धमा, पक्ष राष्ट्रले यातना र अमानवीय व्यवहार तथा सजाय सम्बन्धी बिशेष प्रतिवेदक तथा बलपूर्वक वा स्वेच्छाचारी रुपमा बेपत्ता पार्ने कार्य

सम्बन्धी कार्यदलको पक्ष राष्ट्रका प्रहरी, सशस्त्र प्रहरी र सेनाले प्रणालीगत रूपमा यातनाजन्य कार्य गरेको भन्ने प्रतिवेदनलाई अस्वीकार गर्दै आएको कुरा उल्लेख गरेको छ।

५.३ अप्रिल ५, २००२ को सर्वोच्च अदालतको निर्णयले उजुरीकर्ताका बाबुको मृत्यु भएको भन्ने तथ्य उल्लेख गरेको छ। निजको अवस्थाबारे कुनै शंका नरहेको स्थितिमा यसलाई बलपूर्वक बेपत्ता पार्ने कार्य मान्न सकिँदैन भनी पक्ष राष्ट्रले पुनः उल्लेख गरेको छ ।

५.४ विस्तृत अनुसन्धान गर्नुपर्ने तथा मृत शरिर र अवशेषहरु उत्खनन् गरी परीवारको जिम्मा लगाउनुपर्ने आफ्नो जिम्मेवारी प्रति पक्ष राष्ट्र जानकार छ। द्वन्दकालका पीडितहरुमाथि भएको अत्यधिक बलको प्रयोग, यातना तथा अमानवीय र अपमानजनक व्यवहारप्रति पक्ष राष्ट्रको गम्भीर चासो रहेको छ। यस स्थितिलाई सम्वोधन गर्नको लागि अन्तरिम संविधान, २०६३ को धारा ३३(ध) र नोभेम्बर २१, २००६ को विस्तृत शान्ति सम्झौताको प्रकरण ५.२.५ को व्यवस्था अनुसार वेपत्ता पारिएका व्यक्तिहरुको मुद्दाको अनुसन्धान गर्न सत्य निरूपण तथा मेलमिलाप आयोग र बलपूर्वक बेपत्ता पार्ने कार्य (कसूर तथा सजाय) आयोग गठन गर्ने निर्णय पक्ष राष्ट्रले गरेको छ। पक्ष राष्ट्रले प्रस्तुत धारणा प्रस्तुत गर्दाको समयमा सम्बन्धित विधेयकहरू स्वीकृतिको चरणमा रहेका छन्। विधेयकहरुको प्रमाणीकरण भएपछि बन्ने यी दुई आयोगहरुले द्वन्दकालीन समयमा भएका घटनाको अनुसन्धान गरी ती घटनाको सत्यतथ्य उजागर गर्ने कार्य गर्नेछन्।

५.५ उजुरीकर्तालाई अन्तरिम राहतको रूपमा रू १,००,००० उपलब्ध गराईएको कुरा पक्ष राष्ट्रले औंल्याएको छ। फेब्रुअरी १३, १९९६ देखि नोभेम्बर २१, २००६ सम्म भएको

सशस्त्र द्वन्दको समयमा घटेका घटनाको सम्बन्धमा अनुसन्धान, अभियोजन र दोषीलाई दण्डित गरी पीडितलाई क्षतिपूर्ति दिलाउने काममा पक्ष राष्ट्र प्रतिबद्ध छ।

**पक्ष राष्ट्रको धारणा उपर उजुरीकर्ताको प्रतिक्रिया**

६.१ नोभेम्बर १४, २०११ को आफ्नो प्रतिक्रियामा पक्ष राष्ट्रको धारणालाई उजुरीकर्ताले अस्वीकार गरका छन्। आफूले लगाएको आरोपहरूलाई पुनः दोहोऱ्याउँदै आफ्ना बाबुलाई बलपूर्वक बेपत्ता पारिएको होइन भनी भनिएको कुराको खण्डन गरेका छन्।आफ्ना बाबुलाई डिसेम्बर ३१, २००१ मा मनाङ्गे चौताराबाट पक्राउ गरेको धेरै व्यक्तिहरुले देखेको र सेना आफैले सर्वोच्च अदालतमा पेश गरेको लिखित जवाफमा निज भण्डारीलाई आतङ्ककारी तथा बिध्वंशात्मक गतिविधि विरुद्धको अध्यादेश (२००१) को दफा ५ अन्तर्गत पक्राउ गरिएको तथ्य स्वीकार गरेका छन्। साथै, बलपूर्वक बेपत्ता पारिएका व्यक्तिको परिवारले पाउने अन्तरिम राहतस्वरुप उजुरिकर्ताले रू १,००,००० प्राप्त गरेका छन्। सन् २००२ को फेब्रुअरी र मार्चमा सम्बन्धित पदाधिकारीहरुले राष्ट्रिय मानव अधिकार आयोग र सर्वोच्च अदालतलाई जनवरी १, २००१ मा भाग्न खोजेको अवस्थामा राज्यका निकायको हातबाट उजुरीकर्ताका बाबुको मृत्यु भैसकेको भन्ने जानकारी दिए तापनि निजको मृत्युको घटनासंग सम्बन्धित परिस्थितिबारे पुर्ण रुपमा स्पष्ट हुने गरी प्रस्तुत गरिएन। साथै उनको अवशेष पत्ता लगाएर परिवारको जिम्मा पनि लगाइएन। तसर्थ पक्ष राष्ट्रले उजुरीकर्ताका बाबुको अवस्थाबारे जानकारी दिने, उनको मृत्यु भएको पुष्टि भएको हो भने शवका अवशेषहरु पत्ता लगाएर परिवारको जिम्मा लगाउने, घटनाका जिम्मेवार व्यक्तिहरुलाई न्यायिक प्रक्रियामा ल्याउने र दण्डित गर्ने, उजुरीकर्तालाई राहत प्रदान गर्ने जस्ता आफ्ना दायित्वहरुबाट पक्ष राष्ट्र चुकेको कारणले उजुरीकर्ताका बाबुको अवस्था बलपूर्वक बेपत्ता पारिएका व्यक्तिको समान रहन्छ।

६.२ मुद्दाको तथ्यका सम्बन्धमा, सम्बन्धित अधिकारीहरुले दर्ता गर्न अस्वीकार गरेको कारण उजुरीकर्ताको जाहेरी दरखास्त दर्ता गराउने प्रयत्न सफल हुन सकेन। जाहेरी दरखास्त दर्ता नै नभएको अवस्थामा बाबुको मृत्युको प्रतिवेदन उजुरीकर्ताले दायर गरेको जाहेरी दरखास्तको कारवाहीको सिलसिलामा तयार पारिएको भन्ने पक्ष राष्ट्रले गरेको दावी गलत हो। उजुरीकर्ताले कुनै अनुसन्धान वा त्यसको परिणामको सम्बन्धमा कुनै सूचना वा प्रतिवेदन प्राप्त गरेका छैनन्।हालको मितिसम्म कथित अनुसन्धान वा त्यसको प्रतिवेदनको बारेमा कुनै विवरण पक्ष राष्ट्रले दिन सकेको छैन। यस सम्बन्धमा उजुरीकर्ता र उनका परिवारलाई उनका बाबुको बारेमा कुनै जानकारी दिन इन्कार गर्नु भनेको उनीहरुको सत्य थाहा पाउने अधिकार (Right to truth) उल्लंघन गर्नु हो। कार्यविधिगत बिषयमा सामान्य जानकारी दिनु पर्याप्त हुँदैन र यसलाई सत्य थाहा पाउने अधिकारको उल्लङ्घन नै मान्नु पर्दछ।[6] पक्ष राष्ट्रले गरेको भनिएको तथाकथित अनुसन्धानको प्रकृतिबारे केही जानकारी दिन नसकेको तथा उजुरीकर्ता र उनका परिवारले उनका बाबुको अवस्थाबारे जानकारी प्राप्त गर्ने प्रयास गरेको क्रममा भोग्नु परेको दुर्व्यवहारको परिप्रेक्ष्यमा दावी गरिए अनुसारको अनुसन्धान वास्तवमा नै गरिएको र यसबाट पक्ष राष्ट्रको अन्तर्राष्ट्रिय दायित्व पुरा भएको भन्ने कुरालाई उजुरीकर्ताले अस्वीकार गरेका छन्।

६.३ उजुरीकर्ताले आफ्नो प्रतिक्रिया पेश गर्दाको समयसम्म जाहेरी दरखास्त दर्ता गराइ पाउनका लागि दायर गरेको परमादेशको रिटको सुनुवाई ६ पटक सम्म सारि सकिएको छ।पछिल्लो

[6] उजुरीकर्ता बलपूर्वक वा इच्छाबिपरित बेपत्ता पारिने कार्यको कार्यदलले बलपूर्वक बेपत्ता पार्ने कार्यको सम्बन्धमा सत्य थाहा पाउने अधिकारको बारेमा तयार पारेको साधारण प्रतिकृया नं १०(२०१०) को प्रकरण ३ लाई उदृत गरेका छन्।

सुनुवाई अगस्त २३, २०११ मा हुने भनिएकोमा कुने कारण नखुलाइकन सूचना प्रकाशन गरी सुनुवाइको मिति सारिएको थियो।

६.४ पक्ष राष्ट्रले उजुरीकर्ताको बाबुको अवशेषको परीक्षण गरिएको भन्ने पक्ष राष्ट्रको दावि मार्च ६, २००२ मा सेनाका शाखा अधिकृतले सर्वोच्च अदालतमा पेश गरेको पत्रमा उल्लेख गरिएको तथ्यसंग बाझिएको छ। त्यस मिति पछि कुनै अनुसन्धान गरिएको भए त्यसको कुनै पनि प्रमाण वा सम्बन्धित कागजपत्र उजुरीकर्तालाई दिइएको छैन।

६.५ राष्ट्रका पदाधिकारीहरुले आफ्ना बाबुलाई बलपूर्बक बेपत्ता पारिएको सम्बन्धमा जाहेरी दरखास्त दर्ता गर्न अस्वीकार गरेको कारणले सर्वोच्च अदालतमा परमादेशको रिट दायर गर्नु परेको भन्ने उजुरीकर्ताको भनाइ छ।साथै, स्थानीय पीडितका संघसंस्थाले बलपूर्बक बेपत्ता पारिएको सम्बन्धमा सयौं मुद्दा दर्ता गर्न खोज्दा प्रहरी र प्रमुख जिल्ला अधिकारीले निरन्तर रूपमा त्यस्तो मुद्दा दर्ता गर्न अस्वीकार गरेका छन्। कुनै प्रभावकारी घरेलु उपचार बाँकी नरहेको र उपलब्ध भएका सबै प्रभावकारी घरेलु उपचारको पूर्ण उपयोग गरिसकेको तथ्य उजुरीकर्ताले पुनः दोहोऱ्याएका छन्।

६.६ मे २००९ मा सर्वोच्च अदालतले यातनालाई आपराधको रूपमा परिभाषित गर्नका लागि सरकारलाई आदेश जारी गरे तापनि हालसम्म त्यस आदेशको कार्यान्वयन गरिएको छैन।जुन २००६ मा बलपूर्वक बेपत्ता पार्ने कार्यलाई आपराधको रूपमा परिभाषित गर्न सर्वोच्च अदालतले जारी गरेको आदेशलाई पनि मुर्त रुप दिन कुनै कदम चालिएको छैन। साथै न्यायपालिकाका तल्लो तहका निकायहरुले यातना र बलपूर्वक बेपत्ता पार्ने कार्य जस्ता मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनासंग सम्बन्धित मुद्दामा आवश्यक ध्यान दिएर कार्य

नगर्ने अवस्था बिद्यमान रहेकोमा यस्ता निकायहरुमा सुधार ल्याउने कार्य समेत गरिएको छैन।

६.७ उजुरीकर्ताले प्रतिक्रिया प्रस्तुत गर्दाका बखत बेपत्ता पारिएका व्यक्ति र सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना एवं यी आयोगहरुलाई शीध्र, स्वतन्त्र र प्रभावकारी रूपमा अनुसन्धान, अभियोजन गर्नसक्ने अधिकार हुने कुरा अनिश्चित थियो। गैरन्यायिक निकायहरुले तथ्य पत्ता लगाउने प्रक्रिया सत्य तथ्य पत्ता लगाउनका लागि अत्यावश्यक भए तापनि यस्तो प्रक्रियाले मानव अधिकारको गम्भीर उल्लंघनका पीडित तथा तिनका परिवारको न्यायमा पहुँच र न्यायिक उपचारको अधिकारलाई प्रतिस्थापन गर्न सक्दैन र फौज्दारी अनुसन्धान र सजाय निर्धारणको लागि फौज्दारी न्याय प्रणाली उचित माध्यम हुन्छ।

६.८ उजुरीकर्तालाई अन्तरिम राहतस्वरूप प्रदान गरिएको रू १,००,००० उजुरीकर्ता र उनका परिवारका सदस्यले सहनुपरेको वस्तुगत/भौतिक र नैतिक हानीको तुलनामा नगण्य रहेको छ। साथै, यस्ता किसिमका मानव अधिकारका उल्लंघनका घटनामा आर्थिक क्षतिपूर्ति पर्याप्त हुँदैन। मानव अधिकारको उल्लंघनका मुद्दामा उपलब्ध हुने उपचारमा प्रत्यास्थापना, पुनर्स्थापना, सन्तुष्टि र त्यस्तो किसिमका कार्य नदोहोऱ्याउने प्रत्याभूति समावेश हुनुपर्छ।

**समिति समक्ष विचाराधीन प्रश्नहरू र कार्यविधि**

**उजुरीको ग्राह्यताको सम्वन्धमा**

७.१ उजुरीमा गरिएको दाबी उपर विचार गर्नुभन्दा पहिले मानव अधिकार समितिले समितिको आफ्नो कार्यविधि सम्वन्धी नियमको नियम ९३ अनुसार उक्त उजुरी प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकल अनुरूप ग्रहणयोग्य भए, नभएको निर्णय गर्नु अनिवार्य हुन्छ।

७.२ स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण २ को खण्ड (क) को शर्त अनुसार प्रस्तुत उजुरी अन्य कुनै अन्तर्राष्ट्रिय अनुसन्धान वा विवादको समाधान सम्बन्धी प्रकृया अन्तर्गत परीक्षणको लागि विचाराधीन नरहेको समितिले ठहर गरेको छ।

७.३ धरेलु उपचारको पूर्ण उपभोग भैसकेको हुनुपर्ने शर्तको सम्बन्धमा हेर्दा, पक्ष राष्ट्रले दावी गरे अनुसार उजुरीकर्ताले सर्वोच्च अदालतमा मे १२, २००८ मा दायर गरेको परमादेशको रिटमा अदालतले आफ्नो नियमावली अनुसारको कारवाही गरेको र त्यस्तो कारवाही हालसम्म जारी रहेको तथ्यलाई समितिले दृष्टिगत गरेको छ। उजुरीकर्ताका बाबुलाई थुनामा राखिएको र बेपत्ता पारिएको बारे उनले यथाशीध्र उजुर गरेको र सो विषयमा राष्ट्रिय मानव अधिकार आयोगमा जनवरी ३१, २००२ मा निवेदन दिएको र सर्वोच्च अदालतमा मार्च ४, २००२ मा बन्दीप्रत्यक्षीकरणको रिट दायर गरेको भन्ने उजुरीकर्ताको दावीलाई समितिले टिपोट गरेको छ। सन् २००६ मा उजुरीकर्ताले प्रहरी कार्यालयमा जाहेरी दरखास्त दिएको तर प्रहरीले सो जाहेरी दरखास्त दर्ता गर्न अस्वीकार गरेको भन्ने दावीलाई पनि समितिले टिपोट गरेको छ। उजुरीकर्ताका बाबु बेपत्ता भएको भनिएको १२ वर्षसम्म पनि उनको अवस्था स्पष्ट नभएको र पक्ष राष्ट्रले उक्त विषयमा अनुसन्धान पूरा गर्नका लागि किन ढिलाइ गरीरहेको भन्ने सम्बन्धमा विश्वसनीय जवाफ दिन नसकेको कुरालाई पनि समितिले दृष्टिगत गरेको छ। तसर्थ, धरेलु उपचारको प्रक्रिया बेमुनासिब रुपमा लम्बाइएको[7] र उजुरीलाई स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण २(ख) अन्तर्गत ग्रहण गर्न कुनै कुराले रोक नलगाएको भन्ने समितिको ठहर छ।

[7] हेर्नुहोस् उजुरी नं १७६१।२००८, गिरि बिरुद्ध नेपाल, मार्च २४, २०११ मा ग्रहण गरिएको अभिमत।

७.४ उजुरीको ग्राह्यताका आवश्यक शर्तहरु पूरा भएको कारण प्रस्तुत उजुरी ग्रहणयोग्य भएको कुरा घोषणा गर्दै समिति उजुरीको कानूनी प्रश्नमा प्रवेश गरेको छ।

**मूल कानूनी प्रश्नका सम्बन्धमा**

८.१ मानव अधिकार समितिले पक्षहरूबाट समितिलाई उपलब्ध गराईएका सम्पूर्ण जानकारी सूचनाको आधारमा स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण १ को प्रावधान अनुरूप उजुरी उपर विचार गरेको छ ।

८.२ उजुरीकर्ताले आफ्ना बाबु तेजबहादुर भण्डारीलाई प्रहरी र सादा पोशाकमा रहेका सैनिकहरुले पक्राउ गरी प्रमुख जिल्ला अधिकरीको कार्यालयमा लगेको भनी लागाएको आरोप समितिले टिपोट गरेको छ। साक्षीहरुका अनुसार उनलाई पक्राउ गर्दाको समय र थुनामा रहँदा गम्भीर रूपमा दुर्व्यवहार गरिएको थियो। आफ्ना बाबु पक्राउ परेको, उनीमाथि दुर्व्यवहार गरिएको र उनलाई बेपत्ता पारिएको भन्ने सम्बन्धमा उजुरीकर्ताले यथाशीघ्र सूचना दिनुका साथै अनेक उजुरी र रिट दायर गर्दा समेत सो सम्बन्धमा कुनै पनि आधिकरिक, शीघ्र, निष्पक्ष, विस्तृत र स्वतन्त्र किसिमको अनुसन्धान गरिएन। उजुरीकर्ताको बाबुको अवस्था हालसम्म जानकारीमा आएको छैन र सो कार्यमा संलग्न व्यक्तिहरू उपर कानूनी कारवाही भई दोषी ठहर गरिएको पनि छैन। पक्ष राष्ट्रले दावी गरे अनुसार उजुरीकर्ताका बाबुको अवस्थाको बारेमा जानकारी भैसकेको र प्रहरीले तयार पारेको प्रतिवेदनका आधारमा उनलाई माओबादीले हातहतियार लुकाएको ठाँउ पत्ता लगाउनका लागि सुरक्षाबलको साथ सिमपानी गाँउको जंगलमा लगिएको, उनी सुरक्षाघेरा तोडेर भाग्न खोजेको अवस्थामा सुरक्षा बलले उनलाई भाग्नवाट रोक्नका लागि बल प्रयोग गर्दा उनको मृत्यु हुन गएको भन्ने तथ्यलाई समितिले टिपोट गरेको छ।

८.३ उजुरीकर्ताका बाबुलाई सुरक्षाबलका सदस्यले पक्राउ गरी प्रमुख जिल्ला अधिकारीको कार्यालयमा लगि थुनामा राखेको कुरा दुबै पक्षले स्वीकार गरेका छन्। यद्यपि सन् २००२ मा घटना घटेको बखत उजुरीकर्ता र उनकी आमाले उजुरीकर्ताका बाबुको थुनाको अवस्थाका बारेमा बिभिन्न किसिमका बिरोधाभाषपूर्ण सूचना प्राप्त गरेका र पटक पटक अनुरोध गर्दा समेत उजुरीकर्ताका बाबुलाई राखिएको ठाउँको ठेगाना प्राप्त नगरेको साथै उनीसंग भेटघाट वा सम्पर्क गर्न नपाएको तथ्यलाई समितिले विचार गरेको छ। साथै, प्रमुख जिल्ला अधिकारी, प्रहरी नायब उपरीक्षक र सेनाले राष्ट्रिय मानव अधिकार आयोग र सर्वोच्च अदालतमा उजुरीकर्ताका बाबुको जनवरी १, २००२ मा दोहोरो गोली हानाहानमा परी मृत्यु भएको भनी दिएको जानकारी पक्ष राष्ट्रले उजुरीकर्ताका बाबुको मृत्युको सम्बन्धमा गरेको दावी (माथि प्रकरण ८.२ हेर्नुहोस्) भन्दा फरक रहेको एवं कसको गोलीबाट उनको मृत्यु भएको हो भन्ने निश्चित नभएको कुरालाई समितिले टिपोट गरेको छ। उजुरीकर्ताका बाबुलाई थुनामा रहेको बेलामा देखेका र सुनेका पूर्व थुनुवाहरुको भनाइ अनुसार जिल्ला प्रहरी कार्यालयमा निज भण्डारीलाई कुटपिट गरी मारिएको भन्ने तथ्यलाई समितिले दृष्टिगत गरेको छ। निजको शवको अवशेष परिवारलाई फिर्ता नदिइएको, अवशेष रहेको ठाँउ र त्यस्तो अवशेष फिर्ता गर्नको लागि के कस्ता प्रयत्न गरियो सोको वारेमा अधिकारीहरुले कुनैपनि जानकारी नदिएको र फलस्वरुप उजुरीकर्तालाई निरन्तर रुपमा अनिश्चितताको अवस्थामा रहन बाध्य पारिएको कुरालाई समितिले टिपोट गरेको छ।

८.४ प्रस्तुत मुद्दामा निज भण्डारीलाई सुरक्षाबलले थुनामा राखे पश्चात उनको मृत्यु भएको भनिएको घटनाका बारेमा प्रभावकारी अनुसन्धान गरिएको भनी पक्ष राष्ट्रले दावी लिएको छ। यद्यपी समितिको धारणा छ की पक्ष राष्ट्रले नत निज भण्डारीको थुनाको अवस्था र

कथित मृत्युको बारेमा यथेष्ट व्याख्या गर्न सकेको छ नत आँफैले निज भण्डारीको जीवन रक्षाको दायित्व पूरा गरेको भनी यथोचित प्रमाणहरू देखाउन सकेको छ। यस अनुसार प्रतिज्ञापत्रको धारा ६ अन्तर्गतको निज भण्डारीको जीवन रक्षा गर्नुपर्ने दायित्व बहन गर्न पक्ष राष्ट्रले नसकेको निष्कर्षमा समिति पुगेको छ।

८.५ प्रतिज्ञापत्रको धारा ७ अन्तर्गत उजुरीकर्ताले लगाएका आरोपका सम्बन्धमा, आफ्ना बाबुलाई पदाधिकारीहरुले पक्राउ गर्दा र थुनामा राखेको समयमा गम्भीर दुर्व्यवहार गरेको, उनलाई बाहिरी संसारसंग सम्पर्क गर्न नदिएको र उनलाई बलपूर्वक बेपत्ता पारिएको कार्य प्रतिज्ञापत्रको धारा ७ को बिपरित रहेको तथा पक्ष राष्ट्रले यथाशिघ्र र प्रभावकारी अनुसन्धान गर्न नसकेको भन्ने दावीलाई समितिले दृष्टिगत गरेको छ। बाहिरी संसारसंगको सम्पर्क बिना थुनामा राखिएको कारणले उत्पन्न हुने पीडाको गाम्भिर्यतालाई समितिले पहिचान गरेको छ।यातना तथा अमानवीय र अपमानजनक व्यवहार वा सजाय बिरूद्धको आफ्नो साधारण टिप्पणी नं २०(१९९२) मा पक्ष राष्ट्रलाई सम्पर्कविहिन रूपमा थुनामा राख्ने कार्य निषेध गर्ने प्रावधान बनाउनुपर्ने सुझाव दिएको कुरा सम्झना गर्दछ। प्रस्तुत मुद्दामा पक्ष राष्ट्रबाट सन्तोषजनक स्पष्टिकरण प्राप्त नभएको अवस्थामा उजुरीकर्ताका बाबुमाथि भएको यातनाजन्य व्यवहार र उनलाई सम्पर्कविहिन रुपमा थुनामा राखिएको कार्य प्रतिज्ञापत्रको धारा ६ को उल्लंघन हो भनी समितिले ठहर गरेको छ।

८.६ उजुरीकर्ताका बाबु बेपत्ता भएको कारणले उजुरीकर्ताले भोग्नु परेको पीडा र तनावलाई समितिले ध्यानमा राखेको छ। खासगरी, उजुरीकर्ता र उनका परिवारका सदस्यले उनका बाबुको मृत्युको घटनाको परिस्थितिको बारेमा यथेष्ट जानकारी प्राप्त गरेका छैनन, नत उनको मृत शरिरको अवशेष नै प्राप्त गरेका छन्। पक्ष राष्ट्रको तर्फबाट सन्तोषजनक

स्पष्टिकरण प्राप्त नभएको अवस्थामा, प्रस्तुत तथ्यका आधारमा उजुरीकर्ताको हकमा प्रतिज्ञापत्रको धारा ७ को उल्लंघन भएको समितिको विचार छ।

८.७ उजुरीकर्ताका बाबुलाई थुनामा राखिएको, उनलाई कुनै न्यायाधीश वा कानूनी रूपमा न्यायिक अधिकार प्रयोग गर्न पाउने अधिकारी समक्ष उपस्थित नगराईएको, उनले आफ्नो थुनाको बैधतालाई चुनौती दिएर अदालतमा कारवाही चलाउने अवसर नपाएको भनी उजुरीकर्ताले प्रतिज्ञापत्रको धारा ९ अन्तर्गत लगाएका आरोपहरू उपर समितिले बिचार गरको छ। यस विषयमा पक्ष राष्ट्रबाट कुनै प्रतिक्रिया प्राप्त नभएको अवस्थामा समितिले उजुरीकर्ताका बाबुको थुनाको सम्बन्धमा प्रतिज्ञापत्रको धारा ९ को समेत उल्लंघन भएको समितिको ठहर रहेको छ।

८.८ धारा १६ को उल्लंघन भएको भन्ने आरोपको सम्बन्धमा समितिले आफ्नो स्थापित सिद्धान्तलाई उद्दरण गरेको छ, जस अनुसार कुनै व्यक्तिलई लामो समयसम्म कानूनको संरक्षणबाट बञ्चित गरिएको, कुनै पिडित अन्तिम पटक राज्यका पदाधिकारीको हातमा देखिएको र निजका परिवारले न्यायिक उपचार (प्रतिज्ञापत्रको धारा २ को प्रकरण ३) लगायत अन्य सम्भाव्य प्रभावकारी उपचार प्राप्त गर्ने प्रयासहरूमा बाधा पुऱ्याइएको जस्ता कार्यवाट त्यस्तो व्यक्तिलाई कानूनको दृष्टिमा व्यक्तिको रूपमा पहिचान गर्न अस्वीकार गरेको मानिन्छ।[४] प्रस्तुत मुद्दामा उजुरीकर्ताको बाबुको पक्राउ पश्चात उनलाई र उनकी आमालाई पक्राउको बारेमा बिरोधाभाषपूर्ण सूचनाहरू दिइयो। पटक पटक अनुरोध गर्दा समेत उजुरीकर्ताका बाबुको अवस्थाको सम्बन्धमा यथेष्ट जानकारी दिइएन।यस अनुसार उजुरीकर्ताका बाबुलाई बलपूर्वक बेपत्ता पारिएको कार्यले डिसेम्बर ३१, २००१ देखि

[४]हेर्नुहोस् उजुरी नं १९०५।२००९, खीरानी अल्जेरिया, मार्च २६, २०१२ मा ग्रहण गरिएको अभिमत ।

निजलाई कानूनको संरक्षणबाट बञ्चित गरिएको र निजको कानूनको अगाडि व्यक्तिको रूपमा पहिचान पाउने अधिकारबाट बञ्चित गरिएको कार्यले प्रतिज्ञापत्रको धारा १६ को उल्लंघन गरेको समितिले ठहर गरेको छ।

८.९ उजुरीकर्ताले प्रतिज्ञापत्रको धारा २ को प्रकरण ३ अन्तर्गत प्रतिज्ञापत्र अन्तर्गतको कुनै पनि अधिकारको हनन् भएका व्यक्तिहरूलाई प्रभावकारी उपचार प्रदान गर्नुपर्ने पक्ष राष्ट्रको दायित्व रहेको उल्लेख गरेका छन्। मानब अधिकारको उल्लंघनका दावीहरुलाई सम्वोधन गर्नका लागि पक्ष राष्ट्रबाट स्थापना गरिने उचित न्यायिक तथा प्रशासनिक संयन्त्रहरूलाई समितिले महत्व दिन्छ। प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूको दायित्वको सामान्य प्रकृतिको सम्बन्धमा समितिले आफ्नो साधारण टिप्पणी नं ३१ ( २००४) लाई उदृत गर्छ, जस अनुसार अन्य कुराका अतिरिक्त प्रतिज्ञापत्रका अधिकारहरुको हनन् भएको भन्ने दावीहरू उपर प्रभाबकारी अनुसन्धान गर्न नसकेको कार्य आफैमा प्रतिज्ञापत्रको उल्लङ्घन हो। प्रस्तुत मुद्दा उजुरीकर्ताका बाबुलाई थुनामा राखिएको लगत्तै उजुरीकर्ता र उनकी आमा जानकारी माग्दै प्रमुख जिल्ला अधिकारी र प्रहरी नायब उपरिक्षक समक्ष पुगेका छन् र पछि सोही विषयमा राष्ट्रिय मानव अधिकार आयोग र सर्वोच्च अदालतमा उजुरी दिएका छन् (माथि प्रकरण ७.३ हेर्नुहोस्)। उजुरीकर्ताको प्रयासको बाबजूद उनका बाबु बेपत्ता भएको १२ वर्षसम्म पनि निजको थुना र कथित मृत्युको अवस्थाको बारेमा जानकारी प्राप्त गर्न कुनै पनि अनुसन्धान गरिएको छैन र सो कार्यमा संलग्न व्यक्तिहरुलाई न्यायको दायरामा ल्याउनका लागि कुनै फौज्दारी अनुसन्धान प्रारम्भ गरिएको छैन। पक्ष राष्ट्रले उजुरीकर्ताले दायर गरेको परमादेशको रिटको कारवाहीको सिलसिलामा भएको अनुसन्धानको सम्बन्धमा साधारण तरिकाबाट उल्लेख गरेको छ। तर पक्ष राष्ट्रले यस्तो अनुसन्धानको प्रभावकारिता तथा उजुरीकर्ताको बाबुको थुनाको अबस्था र उनको कथित मृत्युको कारणको बारेमा स्पष्ट

पार्नका लागि अथवा उजुरीकर्ताको बाबुको शवको अवशेष रहेको ठाँउ पत्ता लगाई ती अवशेषलाई परिवारको जिम्मा लगाउनका लागि के कस्ता उपायहरू अपनाईएको छ भन्ने कुराको स्पष्टिकरण दिन सकेको छैन। अतः उजुरीकर्ताका बाबुलाई बलपूर्वक बेपत्ता पारिएको कार्यको सम्बन्धमा बिस्तृत र प्रभावकारी अनुसन्धान गर्न पक्ष राष्ट्र चुकेको छ भन्ने समितिको धारणा छ। साथै, उजुरीकर्ताले अन्तरिम राहतस्वरुप प्राप्त गरेको रू १०,००,०० मानव अधिकारको उल्लङ्घनको गाम्भिर्यता अनुरुपको नभएको कारण यसलाई यथेष्ट उपाचार मान्न मिल्दैन। यसकारण समिति समक्ष प्रस्तुत भएका तथ्यका आधारमा तेज बहादुर भण्डारीको हकमा प्रतिज्ञापत्रको धारा २ को प्रकरण ३; धारा ६ को प्रकरण १; धारा ७;९ र १६ र उजुरीकर्ताको हकमा धारा २ को प्रकरण ३ र धारा ७ को उल्लङ्घन भएको ठहर समितिले गरेको छ।

८.१० माथि उल्लिखित प्रवधानहरुको उल्लंघन भएको निस्कर्षमा पुगिसकेपछि उजुरीकर्ताले धारा १० अन्तर्गत गरेको दावीलाई छुट्टै परीक्षण नगर्ने भनी समितिले निर्णय गरेको छ।

९. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण ४ अन्तर्गतको मानव अधिकार समिति समक्ष प्राप्त तथ्यका आधारमा तेज बहादुर भण्डारीको हकमा प्रतिज्ञापत्रको धारा २ को प्रकरण ३; धारा ६ को प्रकरण १; धारा ७;९ र १६ र उजुरीकर्ताको हकमा धारा २ को प्रकरण ३ र धारा ७ को उल्लङ्घन भएको मानव अधिकार समितिको राय छ।

१०. प्रतिज्ञापत्रको धारा २ को प्रकरण ३ को प्रावधान अनुसार देहाय वमोजिमका कामहरू समेत गरेर प्रभावकारी उपचार प्रदान गर्नुपर्ने पक्ष राष्ट्रको दायित्व रहन्छः

(क) तेज बहादुर भण्डारी बेपत्ता भएको विषयमा प्रभावकारी अनुसन्धान गर्न र सो अनुसन्धानको निष्कर्षको बिस्तृत जानकारी उजुरीकर्तालाई दिने;

(ख) श्री भण्डारीको अवशेष पत्ता लगाएर परिवारको जिम्मा लगाउने;

(ग) प्रस्तुत उल्लंघनका जिम्मेबार व्यक्तिहरुलाई अभियोजन गरी, पुर्पक्ष र सजाय गर्ने;

(घ) उल्लङ्घनको कारणले उजुरीकर्ताले भोग्नु परेको पीडा बापत क्षतिपूर्ति दिलाउने;

(ङ) उजुरीकर्तालाई आवश्यक र यथेष्ट मानसिक पुनर्स्थापना र औषधि उपचारको व्यवस्था मिलाउने।

भविष्यमा यस्ता किसिमका उल्लङ्घनका घटनाहरूको रोकथाम गर्नका लागि कदम चाल्ने पनि पक्ष राष्ट्रको दायित्व हो। यसका साथै, प्रतिज्ञापत्रको उल्लंघन हुने कुनै पनि कार्यलाई फौज्दारी अभियोजन गर्न सकिने गरी कानूनी व्यवस्था गरिएको पनि पक्ष राष्ट्रले सुनिश्चित गर्नुपर्छ।

११. स्वेच्छिक प्रोटोकलको पक्ष राष्ट्र हुँदा पक्ष राष्ट्रले प्रतिज्ञापत्रको उल्लंघन भएको वा नभएको भन्ने निश्चय गर्ने समितिको सक्षमता स्वीकार गरेको थियो। प्रतिज्ञापत्रको धारा २ बमोजिम पक्ष राष्ट्रले आफ्नो इलाकाभित्र वा आफ्नो क्षेत्राधिकार अन्तर्गत रहेका सबै व्यक्तिलाई प्रतिज्ञापत्रमा उल्लिखित अधिकार सुनिश्चित गर्ने कुरा र उक्त अधिकार हनन भएको स्थापित भएमा प्रभावकारी र कार्यान्वयनयोग्य उपचार उपलव्ध गराउने दायित्व स्वीकार गरेको छ। समितिले दिएको राय कार्यान्वयन गर्ने सम्बन्धमा पक्ष राष्ट्रले अपनाएका उपायहरूको बारेमा १८० दिन भित्र जानकारी प्राप्त गर्ने अपेक्षा समितिले गरेको छ । साथै, यी अभिमतलाई प्रकाशन गर्न र राष्ट्रको सरकारी कामकाजका भाषाहरूमा व्यापक रूपमा प्रचारप्रसार गर्न/गराउन पनि पक्ष राष्ट्रलाई समितिले अनुरोध गरेको छ ।